# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०१।२८ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप पत्र दायर गरिएको।**

-----------------------------------------------

नापी कार्यालय बांके नं. १ नापी टोलीका नापी सर्वेक्षक जीवछ यादवले नेपालगञ्ज नगरपालीका वडा नं. ७ रामनगर स्थित ८ १/२ (साढे आठ) धुर जग्गाको कित्ताकांट गरी लालपूर्जा बनाउने प्रयोजनको लागि सेवाग्राहीसंग घुस रकम माग गरी रू. १,००,०००।- (अक्षरूपी एक लाख) घुस रकम लिईसकेको अवस्थामा उक्त रकम बरामद गरी अनुसन्धान हुदाँ निजले # भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज नापी सर्वेक्षक जीवछ यादव उपर विगो रू. १,००,०००।- (अक्षरूपी एक लाख) कायम गरी सोहि ऐनको दफा ३(१) र ३(१)(ग) बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता